# बैठक नं. २३

आज मिति २०८० असार ५ गते मंगलबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा २३ औ कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | — |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | गिता |
| २८ | श्री मोहन प्रसाद मरासिनी | सदस्य सचिव | |
| २९. | श्री डिपलाल श्रेष्ठ | योजना अधिकृत | |
| ३० | श्री विनोद अर्याल | लेखा अधिकृत | |
| ३१. | श्री कृष्ण हरी सापकोटा | प्र. प्र. अ. | |
| ३२. | श्री अविनास पन्थी | आमन्त्रित पार्टी. | |

Scanned with CamScanner

## २३ औं कार्यपालिका बैठक/२०८० असार ५ गते

छलफलका विषय

१। दोश्रो सभाको तेश्रो अधिवेशन (मिति २०८० असार ८) मा पेश गर्ने विषयहरु सम्वन्धमा,

देवचुली नगरपालिकाको तेइसौं कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१। बाइसौं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने ।

२। आ.व.२०८०/०८१ को देबचुली नगरपालिकाको नीतिलाई स्वीकृत गरी उक्त नीतिलाई मिति २०८० असार ८ गते बस्ने दोश्रो सभाको तेश्रो अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

३। आ.व.२०८०/०८१ को देबचुली नगरपालिकाको बजेट योजना र कार्यक्रमलाई स्वीकृत गरी उक्त बजेट योजना र कार्यक्रमलाई मिति २०८० असार ८ गते बस्ने दोश्रो सभाको तेश्रो अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

४। स्थानीय राजश्व परामर्श समितिबाट निर्णय भै शिफारिश भए अनुसार आर्थिक बर्ष २०८०/०८१ मा नगरपालिकाले लिने करका दरहरु सहितको आर्थिक ऐन, २०८० स्वीकृत गरी उक्त ऐनलाई मिति २०८० असार ८ गते बस्ने दोश्रो सभाको तेश्रो अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

५। विनियोजन ऐन, २०८० स्वीकृत गरी उक्त ऐनलाई मिति २०८० असार ८ गते बस्ने दोश्रो सभाको तेश्रो अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

६। विधेयक समितिबाट शिफारिश भएका देहायका ऐन तथा कार्यविधिहरु मिति २०८० असार ८ गते बस्ने दोश्रो सभाको तेश्रो अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

- देबचुली नगरपालिका युवा तथा खेलकुद विकास ऐन, २०८०
- देबचुली नगर अस्पताल कर्मचारी प्रोत्साहन कार्यविधि, २०८०
- नगर शिक्षा ऐन २०७६ को दोश्रो संसोधन प्रस्ताव, २०८०,
- देबचुली नगरपालिकाको राजश्व ऐन, २०८०

हरिप्रसाद न्योपाने
नगर प्रमुख

गोकुल प्रसाद घर्तिमगर
प्रमुख प्रशासकीय अधिकृत